# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, फागुन ७ गते २०४१ साल (संख्या ४४


## भाग ४

### श्री ५ को सरकार
### पर्यटन मन्त्रालयको सूचना

खण्ड ३४ मिति २०४१।७।६ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा ४ (ग) को सट्टा देहायको (ग) राखिएको छ ।

(ग) चार्टरको पहिलो उडानबाट काठमाडौंमा आउने विमानद्वारा शा. ने. वा. नि. ले अन्यत्रबाट सोही चार्टर पार्टीले बुझाएको ग्रुप प्रमाणित गरी काठमाडौं ल्याएका ग्रुपलाई मात्र एक पटकको लागि फिर्ता लैजान पाउनेछ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुजेली
श्री ५ को सरकारको सचिव

### श्री ५ को सरकार
### गृह मन्त्रालयको
### सूचना १

जि. का. धादिङका प्र. जि. अ. श्री डमरुबल्लभ भट्टराई घर बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा नि. से. नि. २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री रुद्रनाथ बस्याललाई मिति २०४१।१०।१ देखि का. मु. मुकरर गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।